म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक १२९ | मंगलबार ३ पुस २०८० | ने. सं. ११४४ थिल्लाथ्व | 19 December 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## घरेलु उत्पादन, कृषिउपज मेला सुरु

हेटौंडा, २ पुस/हेटौंडामा घरेलु उत्पादन प्रदर्शनी कार्यक्रम सोमबारबाट सुरु भएको छ । १० नम्वर वडा कार्यालयको आयोजनामा भएको घरेलु उत्पादन, कृषिउपज प्रदर्शनी मेला तथा सांस्कृतिक नृत्य प्रतियोगिताको उद्घाटन बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले गरेका छन् । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने, उत्पादित वस्तु स्वरोजगार सिर्जनामा सहयोग पुऱ्याउनुको साथै स्थानीय जातजातिका भेषभुषा झल्काउने र संस्कृति संरक्षणमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रमको आयोजना गरेको हेटौंडा-१० का वडाअध्यक्ष फुर्वादोर्जे लामाले बताए । हेटौंडा-१० स्थित बसपार्क परिसरमा भएको घरेलु उत्पादन प्रदर्शनीमा हेटौंडाका १९ वटै वडाका घरेलु उत्पादनका ३३ वटा स्टल राखिएको उनले जानकारी दिए । स्टलहरु निशुल्क व्यवस्था गरिनुको साथै व्यवसायी र सहभागीलाई यातायातको समेत व्यवस्था गरिएको छ । दुईदिनसम्म सञ्चालन हुने प्रदर्शनी मेलामा मंगलबार नृत्य प्रतियोगिता हुनेछ । नृत्य प्रतियोगितामा प्रथम हुनेलाई ५० हजार, दोस्रो हुनेलाइ ३५ हजार , तेस्रो हुनेलाइ २० हजार र सान्त्वना पुरस्कार बापत चार जनालाई ५ हजार रुपैयाँ दिइने कार्यालयले जनाएको छ ।

# नकौलीमा स्वास्थ्यचौकी उद्घाटन, स्थानीयमा उत्साह

भानुभक्त आचार्य

हेटौंडा, २ पुस/ हेटौंडा उपमहानगरको वडा नं. १, ३ र १९ का उच्चभूभाग नगरको मूलप्राहमा समेटिन सकेका छैनन् । हेटौंडा-१ को ध्याङसिंटार, बाँझोडाँडा (जेसीजगाउँ) घट्टेडाँडा, लेकपानी, हेटौंडा-१९ को डुमारे, कुवापानी, ज्यामिरे क्षेत्रमा बसोवास गर्ने नगरवासीले नगरको अनुभूति गर्न अझै केही समय कुर्नुको बिकल्प छैन ।

शिक्षा, स्वास्थ्य, यातायात, संचार, खानेपानी, विद्युत, सिंचाई जस्ता विकासका पूर्वाधार पुऱ्याउनका लागि उपमहानगरले प्रयास गरिरहेको छ । तर, भौगोलिक बिकटताकै कारण विकासका पूर्वाधारको पहुँचबाट यहाँका बासिनदा निकै टाढा रहेका छन् । झट्ट हेर्दा उपमहानगरका बासिन्दा तर, सेवासुविधाको दृष्ट्रिकोणले बिकट ग्रामीण क्षेत्र । केही समयअघिमात्र सडक सुबिधा पुगेका यो बस्तीमा हिउँदमा यातायातका साधन चलेपनि झरी पर्न थालेपछि सडक सम्पर्क बिच्छेद हुने गरेको छ ।

आधारभूत तहको शिक्षा आर्जन गरेपछि बालबालिकालाई माध्यमिक तहको अध्ययनका लागि अझै पनि सहरमा डेरा भाडामा लिएर बस्नुपर्ने अवस्था छ । सानोतिनो बिरामी पर्दा पनि एम्बुलेन्स उपलब्ध हुन नसक्दा झोलुङ्गो वा स्ट्रेचरको सहारामा बजारको अस्पतालमा पुऱ्याउनुपर्ने अवस्था छ । संचारको पहुँचबाट पनि उनीहरु पछाडि नै छन् ।

सोमबार नकौली स्वास्थ्यचौकीको उद्घाटन भएपछि प्राथमिक स्वास्थ्यको सुबिधा अबका दिनमा गाउँमै पाउँने कुरामा स्थानीबासी आशाबादी भएको स्थानीय स्यवमसेवीका दुदुमाया घलानले बताइन् । अब यो क्षेत्रको विकासको गति बिस्तारै अघि बढ्ने बिश्वास उनले गरेकी छन् । उपचारको अभाबका कारण ठुलो समस्या रहँदै आएको थियो, अब प्राथमिक स्वास्थ्यउपचार स्वास्थ्यचौकीबाट पाउनेमा स्थानीय आशाबादी भएका हुन् । थप सुबिधाहरु बिस्तार गर्दै लैजानुपर्ने घलानले बताइन् । स्वास्थ्य समस्या झेल्दै आएका हेटौंडा-१, ३ र १९ वडाको बिकटका बस्तीमा केही आशाको दियो बल्न थालेको छ ।

सामान्य सिटामोल किन्न समेत लामो समय खर्चेर हेटौंडा बजारसम्म धाउँनुपर्ने बाध्यतामा रहेको स्थानीय गाउँमै स्वास्थ्यचौकी उद्घाटन भएपछि खुशी भएका छन् । हेटौंडा उपमहानगरपालिकाले बिकट क्षेत्रका बासिन्दालाई लक्षित गरी निर्माण गरेको स्वास्थ्यचौकीको उद्घाटन भएपछि उनीहरु खुशी भएका हुन् । सिटामोल किन्न समेत हेटौंडा बजारसम्म जानुपर्ने बाध्यता थियो, स्वास्थ्यचौकीको उद्घाटनसँगै गाउँमै सुविधा पाएपछि स्थानीयमा खुशियाली छाएको स्थानीय नामग्याल सिन्तानले बताए ।

स्वास्थ्यचौकीका लागि पूर्वाधार निर्माण भएपनि खानेपानीको अभावका कारण स्वास्थ्यचौकीबाट सेवाप्रबाह गर्न समस्या रहँदै आएको थियो । उपमहानगरले नकौली आधारभूत सहरी स्वास्थ्यचौकीबाट सेवा दिन सुरु गरेको हो । स्वास्थ्यचौकीको सोमबार हेटौंडा उपमहानगरपालिकाका नगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँले संयुक्तरुपमा उद्घाटन गरेका छन् ।

स्वास्थ्यचौकीको उद्घाटन गर्दै नगरप्रमुख लामाले रोगलाई लुकाउने बानी तत्कालै छोड्न आग्रह गरिन् । उनले घर परिवार, छिमेकको डरले रोग लुकाएर बस्ने परम्परा रहेको र त्यसलाई तत्काल छाड्न स्थानीयलाई आग्रह गरिन् । स्वास्थ्यचौकीबाट उपचार सेवालाई परिस्कृत गर्दै लैजान उपमहानगरपालिका तयार रहेको भन्दै बिस्तारै प्रसुती सेवाको पनि व्यवस्था गरिने बताइन् ।

कार्यक्रममा नगरउपप्रमुख बानियाँले नगरको विकासमा काम गरिरहेको बताए । जनताको आधारभूत आवश्यकतालाई पूरा गर्ने क्रममा उपमहानगरको बिकटक्षेत्रको विकासमा लागेको बताए । उनले उपमहानगरमा जोडिएका साबिक गाविसकोमा विकासको गतिलाई बिस्तार गरिदै लगिने बताए । उपमहानगरले नगरवासीको स्वास्थ्यलाई ध्यान दिँदै २०७६ बाट निर्माण थालेको स्वास्थ्यचौकीबाट खानेपानीको अभावका कारण महिनामा एक पटक मात्र सेवा दिँदै आएको थियो ।

हेटौंडा-१ का वडाअध्यक्ष सबिन न्यौपानेको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा वडाअध्यक्ष न्यौपानेले स्थानीयका लागि पानी, प्रसुतीसेवा, सडकको पूर्वाधारलगायत विकासको व्यवस्थापन गर्दै जाने बताए । उपमहानगरले बिकट क्षेत्रमा बढी ध्यान केन्द्रित गर्दै स्थानीयको आवश्यकता पूरा गर्ने कार्यक्रमहरु ल्याउने प्रयास गरिरहेको बताए । नगरको ग्रामीण बस्तीमा विकासका न्यूनतम पूर्वाधारको पहुँच पुऱ्याउने कार्यमा आफ्नो ध्यान निरन्तर रहेको अध्यक्ष न्यौपानेले बताए ।

उपमहानगरको स्वास्थ्य शाखाले गत वर्षबाट नियमित सेवा दिने व्यवस्था मिलाएको थियो । उपमहानगरपालिका-१ को ध्याङसिंटार, बाँझोडाँडा, घट्टेडाँडा, लेकपानी सहित हेटौंडा-३ को डुमारे, कुवापानी क्षेत्रमा बसोवास गर्ने नगरवासीले सुबिधा पाउँने भएपछि स्थानीयले खुशी ब्यक्त गरेका छन् । अब यो क्षेत्रको विकासको गति बिस्तारै अघि बढ्ने बिश्वास उनीहरुको छ । अब न्यूनतम आवश्यकता स्वास्थ्य चौकीबाट पूरा हुने भन्दै थप सुबिधाहरु बिस्तार गर्दै लैजानुपर्ने स्थानीयको माग छ ।

स्वास्थ्यचौकीको उद्घाटनसँगै आयोजित महिलालक्षित पाठेघर, स्तनक्यानसर तथा प्रजनन्स्वास्थ्य शिविरमा स्थानीय १ सय जनाले सेवा लिएको उपमहानगर स्वास्थ्यशाखाका अहेब केशब तिमल्सिनाले बताए । शिबिरमा नि:शुल्क औषधि बितरण गरिएको उनले जानकारी दिए ।

उपमहानगर स्वास्थ्य शाखाको आयोजनामा भएको स्वास्थ्यचौकी उद्घाटन तथा शिविरमा हेटौंडा-८ का वडाअध्यक्ष रामकृष्ण थापा, ९ का वडाअध्यक्ष सुकराम केसी, कार्यपालिका सदस्यहरु पातलिमाया गोङवा, रुकमिणी गोङवा, इश्वरी रसाइली लगायतको आतिथ्यता रहेको थियो ।

# अख्तियार हेटौंडाद्वारा वडाध्यक्ष घुससहित पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ सेवाग्राहीसँग घुस लिएको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले एकजना वडाअध्यक्षलाई पक्राउ गरेको छ ।



सेवाग्राहीसँग घुस लिएको आरोपमा बाराको जीतपुर सिमरा उपमहानगरपालिका-३ का वडाध्यक्ष तारा कार्की पक्राउ परेका हुन् । कार्कीलाई हेटौंडास्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पाँच लाख रुपैयाँ नगदसहित सोमबार पक्राउ गरेको हो ।

वडाध्यक्ष कार्कीले सडक बाटो सिफारिसका लागि स्थानीय जग्गा व्यवसायी राजन उप्रेतीसँग पाँच लाख रुपैयाँ घुस मागेका थिए । जीतपुरस्थित जैसवाल होटेलमा घुस लिँदै गर्दा अख्तियारको टोलीले कार्कीलाई पक्राउ गरेको हो । उनको साथबाट उप्रेतीले दिएको पाँच लाख रुपैयाँ घुसको रकमसहित अख्तियारको टोलीले बरामद गरेको इलाका प्रहरी कार्यालय सिमराले जनाएको छ ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौडा-५, पिप्ले, मकवानपुर**
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९


# मनहरीमा गार्मेन्ट उद्योग सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/मनहरी गाउँपालिका-९, ज्यामिरेस्थित प्रणामी टोलमा गार्मेन्ट उद्योग सञ्चालनमा आएको छ । गाउँपालिकाको आर्थिक सहयोगमा गार्मेन्ट उद्योग खुलेको हो ।

सियो धागो सिलाई श्रम सहकारी संस्थाद्वारा सञ्चालनमा आएको गार्मेन्टको लागत ६० लाख रुपैयाँ रहेको संस्थाका अध्यक्ष भुवनकुमार गौतमले जानकारी दिए । मनहरी गाउँपालिकाबाट (६०-४०) अन्तर्गतको कार्यक्रमबाट १० लाख रुपैयाँ सहयोग प्राप्त गरेको संस्थाले २० लाख रुपैयाँ बराबरको भवन, २० लाख रुपैयाँ बराबरको मेसिन र १० लाख रुपैयाँ बराबरको अन्य व्यवस्थापन गरी ६० लाख बराबर को लगानीमा उत्पादन कार्य थालनी गरिएको संस्था अध्यक्ष गौतमले बताएका छन् । पहिलो चरणमा ग्रार्मेन्टमा ३० जनालाई प्रत्यक्ष रोजगार दिन सकिने जनाइएको छ ।

गार्मेन्टबाट महिलाले सीपको सदुपयोग गर्ने, रोजगार प्राप्त पनि गरेका छन् । गार्मेन्ट उद्योग बनेको चार कठ्ठा क्षेत्रफल २० वर्षसम्मको लागि भाडामा लिइएको छ । अध्यक्ष गौतमले सीप सिक्न र सिकेका सीपको सही सदुपयोग गर्न सबैलाई आग्रह गरे । गार्मेन्टबाट उत्पादित कपडा मनहरी-५ र ९ नम्बर वडाको सरकारी स्कुलले प्रयोग गर्ने गरी सहकार्य अगाडि बढेको भन्दै उत्पादित तयारी पोशाकको गुणस्तरमा कुनै कसुर नराखिने अध्यक्ष गौतमले बताए । गार्मेन्टबाट सरकारी कार्यालय, विद्यालय, क्याम्पसका लागि आवश्यक कपडा, ज्याकेट, झोलालगायत अन्य तयारी पोशाक उत्पादन गरिने लक्ष्य छ ।

उद्योगको उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जनताको आवश्यकता अनुसार बजेट बनाई गार्मेन्ट उद्योग सञ्चालन गरिएको बताए ।

# जंगली हात्तीबाट मनहरीको दुई घरमा क्षति

साझाकुरा संवाददाता


हेटौंडा, २ पुस/ मनहरीको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा जंगली हात्तीले घर भत्काएको छ । मनहरी गाउँपालिका-८ सिम्पानीस्थित टल्के चेपाङको घर जंगली हात्तीले भत्काएको हो ।

पुस १ गते राती हात्तीले चेपाङको ढुंगा र जस्ताले बनेको १ तले घरमा पूर्णरुपमा क्षति पुऱ्याएको मकवानपुर प्रहरीले जनाएको छ । यसैगरी हात्तीले स्थानीय रामबहादुर तामाङको गोठमा समेत आंशिक क्षति पुऱ्याएको प्रहरीले जानकारी दिएको छ । प्रहरी र पर्सा राष्ट्रिय निकुञ्जको नेपाली सेनाको टोलीले स्थानीय समेतको सहयोगमा हात्तीलाई जंगलतर्फ पठाइएको छ । प्रहरीका अनुसार कुनै मानवीय क्षती भएको छैन ।

हात्तीको उच्चजोखिम रहेको गाउँबस्तीमा अतिआवश्यक बाहेक अन्य समयमा घर बाहिर निस्कन रोक लगाइएको मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए । जिल्लाको सुरक्षा समितिको निर्णयअनुसार जोखिम क्षेत्रमा सुरक्षाकर्मी परिचान गरिएको र बढी क्षमता भएको बिजुली बत्ति जडान गर्ने काम भइरहेको उनले बताए । निकुञ्जले नम्बरी जग्गा नभएका पीडित परिवारलाई क्षतिपूर्ति नदिएपछि पालिकाले नै घरगोठ मर्मत गरिरहेको समेत जानकारी दिए ।


## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



**ENTRANCE EXAMINATION**
FOR THE ADMISSION TO:

**MBS** Master of Business Studies

**ENTRANCE EXAM APPLICATION FORM DEADLINE**
**POUSH 06, 2080**



Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4 | 057524701, 9855074222 | www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# क्यूएए क्याम्पस गुणस्तरीय शिक्षा

हेटौंडा क्याम्पसले विश्वविद्यालय अनुदान आयोगको गुणस्तर सुनिश्चितता क्यूएए प्रमाणपत्र प्राप्त गर्न सफल भएको छ । सुनिश्चितता प्रत्यायान प्रक्रियामा सहभागी भई संस्थागत गुणस्तर परीक्षणका सबै चरण पारगरी पुस १ गते आइतबार विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरबाट प्रत्यायानकृत भएको हो । हेटौंडा क्याम्पसको स्थापनाकालदेखि हालसम्मको यात्रा निकै कठिन र चुनौतीपूर्ण थियो । क्यूएए सर्टिफाई भएपछि चुनौती पनि थपिएको छ । हुन त हेटौंडामा रहेको उच्चशिक्षा प्रदान गर्ने सबै शिक्षालयहरु गुणस्तरमा सम्झौता नगरी विद्यार्थीलाई अध्यापन गराइरहेका छन् । मनहरी, बस्तीपुर, पालुङ, हटिया, चौघडालगायत स्थानमा स्नात्तक तहको अध्यापन गराइन्छ । केहीदिन अघिमात्र बकैयाको हात्तिसुँडेमा पनि स्नात्तक तहको अध्यापन सुरु गर्न गृहकार्य सुरु गरेको समाचार आएको छ । चितलाङमा स्थापना भएको प्राबिधिक विश्वविद्यालयले पनि गुणस्तरकै कुरा गरिरहेको छ । हेटौंडामा रहेको त्रिवि अन्तरगतको वनविज्ञान अध्ययन संस्थान र कृषि वन विश्वविद्यालयले पनि गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ । उच्चशिक्षा प्रदान गर्ने शिक्षालय धेरै खुल्नु राम्रो हो ।

सबै विद्यार्थीले चाहेको बिषयमा अध्ययन गर्न पाउँछन् । तर, पछिल्ला वर्षहरुमा माध्यमिक तहको शिक्षा उत्तीर्ण गर्नेबित्तिकै औषतभन्दा माथिका विद्यार्थी उच्चशिक्षा अध्ययनका लागि भन्दै अष्ट्रलिया, युरोप, अमेरिका हानिएका छन् । उनीहरुले नेपालमा भबिश्य देख्न सकेनन् । औषत भन्दा कमजोर विद्यार्थी विद्यालय तहको अध्ययन पछि १८ वर्ष पुगेको भोलिपल्टै राहदानी बनाउन लाइन बस्न थालेका छन् । खाडी मुलुकमा भबिश्य खोज्दै राहदानीको लाइनमा भेटिने विद्यार्थी र उच्चशिक्षाका लागि सम्पन्न मुलुकलाई गन्तब्य बनाउने विद्यार्थी बाहेक बाँकी रहेका विद्यार्थी तानातान गर्ने दिन नआउला भन्न सकिन्न । उच्चशिक्षा प्रदान गर्ने शिक्षालयहरुले विद्यार्थी नपाउन दिन नजिकै छ । क्यूएए प्रमाणपत्र प्राप्त गर्न सफल भएपछि हेटौंडा क्याम्पस परिवार अत्यन्तै हर्षित एवम् गौरवान्वित भएको भन्दै क्याम्पस संचालक समितिले खुशी ब्यक्त गरेको छ । गुणस्तर सुनिश्चितता प्रमाणपत्र प्राप्त भएसँगै क्याम्पसका लागि चुनौती र अवसर दुबै थपिएको बताइएको छ । १२ कक्षा उत्तीर्ण गर्नेबित्तिकै एनओसी लिन शिक्षा मन्त्रालय धाउने विद्यार्थी स्वदेशमै रोक्नका लागि राज्यले के योजना बनाउनुपर्ला भन्ने बिषयमा बहस गर्ने समय आएको छ । क्यूएए सर्टिफाई हुने प्रक्रियामा क्याम्पस सभासद, क्याम्पस संचालक समिति, क्याम्पस प्रशासन, क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरु, अध्ययनरत तथा उत्तीर्ण हुने सम्पूर्ण विद्यार्थी, स्थानीय समुदाय, क्याम्पससँग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा जोडीएर सहकार्य गर्नुभएका विभिन्न संघसस्था, क्याम्पसलाई सहयोग गर्नुभएका विभिन्न संघसस्थाको समेत अमूल्य योगदान रहेको बताइएको । विश्वविद्यालय अनुदान आयोगको टोलीले बिभिन्न चरणमा हेटौंडा क्याम्पसमा अभिमूखीकरण गर्ने, अनुगमन गर्ने, तथ्यांक सत्यापन गर्नेलगायतका कार्य बिगतदेखि नै गर्दै आएका थिए । क्यूएए मान्यता प्राप्त नभएका कलेजको उत्पादनले अन्तराष्ट्रिय जगतमा प्रतिष्पर्धा गर्न अयोग्य मानिने अवस्था आएका कारण पनि 'क्यूएए' मान्यताका लागि पहल गरेको हेटौंडा क्याम्पसले जनाएको छ । हेटौंडा क्याम्पसको उत्पादनले अन्तराष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्न सक्ने योग्य विद्यार्थी उत्पादन गर्ने अपेक्षा लिइएको छ । गुणस्तर सुनिश्चितता तथा प्रत्यायान (क्युएए) मान्यता पाएका कलेजबाट उत्पादित विद्यार्थीले जुनसुकै क्षेत्रमा प्रतिष्पर्धा गर्न सक्ने भएकाले पनि यो जरुरी थियो ।

२०४७ सालमा शिक्षा संकायको अध्यापन गराउने गरी स्थापित हेटौंडा क्याम्पसमा हाल प्लस टुमा होटल म्यानेजमेन्टको अध्यापन सुरु गरिएको छ । आगामी दिनमा बिएचएम कक्षा चलाउने तयारी गरेको यो क्याम्पसलाई थप चुनौती छ । क्याम्पसको संगठन, संगठनको नीति, पाठ्यक्रम, शिक्षण प्रक्रिया, प्राध्यापकहरुको अनुसन्धानसम्बन्धी क्रियाकपाल, पर्याप्त पूर्वाधार संरचना, कलेजले विद्यार्थीलाई गर्ने सहयोग, अभिभावक र सर्वसाधारणमा गरिने सूचना प्रवाहलगायतका आधारक्षेत्र पूरा गर्ने क्रममा हेटौंडा क्याम्पसले उत्कृष्ठ काम गरिरहेको छ । क्यूएए मान्यता प्राप्त गर्नु गन्तब्य नभइ यात्रा सुरु मात्र भएको बताइएको छ । स्थानीय अभिभावक, विद्यार्थी, कलेजका प्राध्यापक, संचालक समितिका पदाधिकारी सहभागी कार्यक्रममा हालसम्मको उपलब्धीलाई संस्थागत गर्दै आगामी दिनमा गर्नुपर्ने कार्यका बारेमा थप छलफल गरी अगाडि बढ्ने बिश्वास क्याम्पसले दिलाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस ४ गते बुधबार, २० डिसेम्बर २०२३ । अष्टमी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५१, सूर्यास्त ५:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रयत्न निरर्थक हुनेछ | तुला | : भूमिबाट लाभ लिने समय छ |
| वृष | : व्यावसायिक काम बन्नेछ | वृश्चिक | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ |
| मिथुन | : सहयोगीले असहयोग गर्नेछन् | धनु | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : काममा परिवारको सहयोग मिल्नेछ |
| सिंह | : समस्या दोहोरिन सक्नेछ | कुम्भ | : स्वास्थ्यमा कमजोरी हुनेछ |
| कन्या | : घरेलु काममै अलमल हुनेछ | मीन | : उपचारमा खर्च हुनेछ |

# नेताज्यू, अझै कति बिग्रियोस् देश ?



डा. अतीन्द्र दाहाल

देशमा धेरैपटक क्रान्ति भए, नयाँ संविधान लेखिए, व्यवस्था बदलियो । सोचे/नसोचेका अनेकन् कुरा भए, केवल एउटै मात्र काम भएन-त्यो हो जनअपेक्षित विकास ।

विकास र प्रगति हरेक देश तथा जनताको स्वाभाविक आशा हो । यो स्वयंसिद्ध एवं प्राकृतिक नागरिक अधिकार समेत हो । प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्थामा जनताका प्रतिनिधि अथवा नेतृत्वले यो अभिभारा पूरा गर्नुपर्छ । नेताहरूले हामी देशलाई सिंगापुर अथवा स्विट्जरल्याण्ड बनाउँछौं भन्दै भाषणबाजी गरेका ध्वनिका तरंग आम नागरिकको कानमा अहिले पनि गुञ्जिरहेको छ । तर नागरिकको आशा, देशको वास्तविक तथा वस्तुगत अवस्था अनि नेताहरूको भाषणचाहिं 'हामी नदीका दुई किनारा' भन्ने गीत जस्तै छ ।

देशको विकास भएको छ कि छैन ? देश बस्न लायक छ कि छैन ? विदेश जानेहरूको लर्को किन बढेको छ ? निकट भविष्यमा देशको अवस्था सहजता अथवा असहजता उन्मुख के हुन्छ ? सर्वहाराका नेता भनिनेहरूको जीवनशैली र रवाफ कस्तो छ ? यी प्रश्नहरूले आम मानसपटल र भविष्यउन्मुख हरेक व्यक्तिलाई पिरोलेको छ ।

नागरिकमा सरकारप्रति भरोसा छैन । भ्रष्टाचार गरेको छैन भनेर कोही कुनै ओहोदामा बसेको मानिसले भन्छ भने उसप्रति विश्वास जाग्दैन । अहिलेकै नेताबाट देश विकासको आशा रत्नपार्कको भित्तामा बसेको ज्योतिषको भविष्यवाणीमाथिको भरोसा जस्तै हो । उनीहरू स्वयंको भविष्य सबल भएको भए सार्वजनिक पेटीमा बस्नु नै पर्दैनथ्यो ।

देशमै बसेर केही गर्नुपर्छ भन्ने विश्वास र संकल्प बोकेको मानिसलाई कुनै काम दिए'र सरकारी अफिसमा पठाइदिएपछि बेलुका फर्कंदा ऊ यो देशमा बसेर काम छैन भन्ने सोच निर्माण गरेर आउँछ । सेवाप्रवाह र सेवाग्राही माथिको सरोकारवाला निकाय अनि नियामक व्यक्तिको आचरण तथा सोच नोकर शाही पद्धतिको छ ।

स्थानीय निकायमा जनप्रतिनिधि भएपछि सहज र उच्च गतिमा काम हुन्छन् भन्ने आशा थियो । तर अख्तियारमा परेका भ्रष्टाचारजन्य उजुरीमध्ये सबैभन्दा अधिक चाहिं स्थानीय निकायसँग सम्बन्धित रहेको तथ्यांक देखिन्छ । अधिकांश स्थानीय निकायका जनप्रतिनिधि आफू सहज र स्वार्थ मिल्ने कार्यकारी अधिकृत खोज्न संघसँग साक्षात्कार गरिरहेका समाचार प्रकाशित भएका छन् ।

हालसालै एक विदेशी लेखक हेलेन थोम्पसनले 'डिसअर्डर : हार्ड टाइम्स फर ट्वान्टीफस्ट सेन्चुरी' पुस्तक लेखे । उनका अनुसार भूराजनीतिक असहजता, आर्थिक अधोगति र लोकतन्त्रीय निष्प्रभाविता अहिले कुनै पनि देश असफलता उन्मुख हुने प्रधान आधार हुन् । हाम्रो अवस्थालाई नियाल्दा यी तीनवटै कुरामा हामी अग्र श्रेणीमा नै छौं जस्तो देखिन्छ ।

चिया गफ र सार्वजनिक खपतका लागि गरिने उत्तेजक भाषणबाहेक नेतृत्वसँग देशको विकास गर्ने सोच, योजना, रणनीति के छ ? तर केही दल र नेताचाहिं बाटामा लखर लखर हिंडेर समृद्धि आउँछ भन्दै स्यालहुइँय्यामा पनि छन् । राजनीति हैन, आर्थिक नीति र सबलता प्रमुख हो ।

पछिल्लो ५० वर्षमा चीन किन उदीयमान शक्ति भयो । युरोप र अमेरिका किन कमजोर हुँदैछन् । यी दुवै ध्रुवमा राजनीतिक प्रणाली र परिस्थिति फेरिएको छैन । तर आर्थिक अवस्थामा भीमकाय परिवर्तनहरू आए । अहिले भूराजनीति (जिओपोलिटिक्स) भन्दा भूअर्थनीति (जिओइकोनोमिक्स) मुख्य पक्ष हो । निकोलस मुल्दरको पुस्तक 'द इकोनोमिक वेपन'ले यसलाई राम्रो गरी विश्लेषण गर्दछ, अहिलेको शक्ति भनेकै आर्थिक शक्ति हो ।

उत्पादन, आत्मनिर्भरता अनि निर्यातमा हामी अति धेरै जीर्ण भइसक्यौं । तत्काल वा केही दशकसम्म पनि यो अवस्थालाई सन्तुलित गर्न सकिंदैन । सार्वजनिक ऋण २३ खर्बभन्दा बढी भएको तथ्यांक छ । व्यापार घाटा र असन्तुलन ९० प्रतिशत भन्दा बढी छ ।

प्राचीन इतिहास पल्टाएर हेर्दा भोटसम्म हाम्रो व्यापार नियन्त्रण थियो । भोटमा नेपालमा मुद्रण गरिएका सिक्का चल्थ्यो । रेशमीमार्ग मार्फत नेपालले विश्वलाई जोडेको थियो । प्रथम तथा द्वितीय विश्वयुद्धमा नेपालले बेलायतलाई आर्थिक सहायता समेत प्रदान गरेको थियो ।

केही दशक अगाडि हामी लगभग अधिकांश कुरामा आत्मनिर्भर थियौं । आज उच्च व्यापार घाटा भएको अनि विदेशी सहयोग र विप्रेषण प्रधान अर्थचरित्र भएको देशमा परिणत भएका छौं । हामी पैसाले पैसा कमाउने दलाल पूँजीवाद अथवा वित्तीय पूँजीवादको दुष्चक्रमा फसेका छौं । उत्पादन मार्फत सामर्थ्य बढाउने हैन, पैसा संग्रह र संरक्षण गरेर केवल सट्टापट्टा गर्ने अथवा ओसारपसार गर्नेमा मात्र केन्द्रित छौं । अनुत्पादक क्षेत्रमा पैसा लगानी गर्ने र त्यसैको भाउ बढाएर नाफा लिने आदतमा हाम्रो अर्थतन्त्र नराम्ररी भत्किंदैछ ।

फलस्वरूप हामी दक्षिणएशियाकै गरिब देशको नयाँ परिचय बनाउने क्रममा छौं । तर सिंगापुर र स्विट्जरल्याण्ड बनाउने भन्ने नेताहरू कानमा तेल हालेर स्व-प्रशंसाको पुलिन्दा बोक्दै दौडिरहेका छन् । जसरी पनि फाइदा अथवा नाफा आफूमा केन्द्रित गर्ने 'रेन्ट सिकिंग एटिच्युड' र अनि पैसाको भण्डार थुपार्ने 'क्रोनी क्यापिटालिज्म' हाम्रा नेताहरूको आधारभूत चरित्र बन्यो । तसर्थ आज अधिकांश नेता अधिक धनी, पूर्ण विलासी छन् तर जनता सामान्य दैनिकी चलाउन विदेशिनुपर्ने अवस्था छ ।

हाम्रा दुवै छिमेकीले पछिल्लो केही दशकमा अपार आर्थिक प्रगति गरे । चीनले 'बेल्ट एण्ड रोड इनिसिएटिभ' र भारतले 'एशिया अफ्रिका ग्रोथ करिडोर' अनि 'नर्थसाउथ ट्रेड रिजन' जस्ता आक्रामक योजना निर्माण र लागू गरे । एशियाका थुप्रै अरू देशहरू किटन इकोनोमी (सानो अर्थतन्त्र) बाट टाइटर अथवा ड्रागन इकोनोमी (अधिक गतिका वृद्धिदर भएका) अर्थतन्त्र भए ।

विकास प्रजातन्त्र नै आजको प्रजातन्त्रको प्रमुख शोभा हो । जनतालाई सहज, सरल, गुणस्तरीय जीवनयापनको वातावरण नबन्ने प्रजातन्त्र के काम ? नागरिकलाई प्रजातन्त्र नामका लागि होइन, कामका लागि चाहिएको हो । तर परिणाम के आयो त ?

कुनै बेला भारतले नेपालका राष्ट्राध्यक्षलाई आफ्नो स्वतन्त्रता दिवसको विशेष समारोहको प्रमुख अतिथि बोलाउँथ्यो । आज ऊ अमेरिकाको राष्ट्राध्यक्ष बोलाउँछ । भर्खरै महत्वपूर्ण 'जी ट्वान्टी' सम्मेलन पनि सम्पन्न गर्योरु । हाम्रा सरकार प्रमुखहरू त्यहाँ जाँदा राज्यमन्त्री अथवा सहायकमन्त्री स्वागतमा आउँछन् । देशले आर्थिक हैसियतसँगै राजनीतिक कद समेत गुमाइरहेको स्पष्ट देखिन्छ । दातृ निकाय र वैदेशिक सहयोग बाहेक कुनै विशेष योजना तथा परियोजना सम्पन्न हुनु त कोरा कल्पना जस्तो भइसक्यो ।

राजनीतिक परिवर्तनको कुनै कालखण्डमा विदेशी हस्तक्षेप मुर्दावाद भनेर नारा लेख्ने प्रचलन निकै प्रिय थियो । अहिले त यस्तो नारा लेख्ने इनामेल, ब्रस र पेन्टर समेत विदेशबाट नै ल्याउनुपर्छ । विदेशले पठाएन भने, त्यो लेख्न पनि हैसियत हुँदैन ।

अब कति बिग्रिएपछि चाहिं नेतृत्वको मन बिझाउँछ, सोच परिवर्तन हुन्छ ? आफू र परिवारको लागि टन्न संकलन गरेपछि किन र कसका लागि देश बनाउनुपर्‍यो भन्ने सोच हावी भएको त हैन, नेताज्यू ? नेताज्यू, देश यहाँभन्दा बिग्रन केही बाँकी छ र ?

*(साभार: अनलाइनखबर)*

# खानी नवीकरण नगरिदिँदा उद्योगीका काम अवैधजस्ता भए

हरि गौतम

नेपालमा स्थापित सिमेन्ट उद्योगहरूले खानी नवीकरण गर्नका लागि खानी तथा भूगर्भ विभागमा आवश्यक कागजात पुर्‍याएर साउनमै निवेदन दिएकामा मङ्सिरको तेस्रो सातासम्म त्यसको टुङ्गो लागेको छैन । यसै बिचमा विभिन्न अड्चन निकाली थप कागज मागिएको छ र पनि फाइल उठेको छैन । नवीकरण गर्न नपाउँदा उद्योगले गरेका कतिपय काम अवैध जस्ता भएका छन् । अघिल्लो वर्ष १० दिनमा सकिएको नवीकरणको प्रक्रिया अझसम्म नटुङ्गिएकाले उद्योगी तनावमा छन् ।

उद्योगीहरूका अनुसार सिमेन्ट उद्योगहरूको फाइल रोकिनुमा विभागका महानिर्देशक जिम्मेवार छन् । उनी फाइल हेर्नुको सट्टा विदेश घुम्न रमाउँछन् र साउनयता उनी तेस्रोपटक विदेश घुमी अहिले २५ दिनका लागि अमेरिका उडेका छन् । घिमिरेको अनुपस्थितिमा विभागको जिम्मेवारी लिने सहसचिव पनि काम गर्न उत्सुक छैनन् । उनी प्राय: अफिस नै बस्दैनन् । बसे पनि अनेकौं बखडा खडा गरी उद्योगीको काम गर्दैनन् । सिमेन्ट उद्योग भनेको नेपालका प्रतिष्ठित उद्योगपतिले खोलेको उद्योग हो । उनीहरूको प्रभाव राजनीतिक दलदेखि सरकारसम्म रहन्छ र पनि उनीहरूको काम भएको छैन ।

नेपाल सरकारले हरेक वर्षको आर्थिक ऐनमा वाणिज्य मन्त्रालयमा दर्ता भई नवीकरण हुन छुटेका फर्महरूलाई निश्चित प्रक्रिया पुर्‍याएर नवीकरण गर्ने व्यवस्था गर्दथ्यो । तर सरकारले यस वर्ष त्यो विषय आर्थिक ऐनमा छुटायो । फलत: हजारौं व्यवसायीको फर्म रिन्यु भएको छैन । उनीहरू भ्याटमा छन्, बैंकमा ऋण छ, कारोबार गरिरहेका छन् । तर फर्म नवीकरण छैन । हरेक जिल्ला उद्योग वाणिज्य सैसहित सरोकारवालाले यसलाई कानुनत: नवीकरण गर्ने व्यवस्थाका लागि सरकारलाई अनुरोध गरिएको छ । तर सरकारले सुनेको छैन । यसले व्यवसायमा ठूलो समस्या ल्याएको छ र सरकार व्यवसाय चाहँदैन भन्ने धारणा व्यवसायीमा पर्न गएको छ ।

यस वर्ष मुलुकमा चिनीको हाहाकार भयो । दुई किलो चिनी पाउन के वृद्ध, के बालक सबैले घन्टौं लाइन लाग्नुपर्‍यो र वीरगन्जमा प्रतिकिलो ६४ रुपैयाँमा पाउने चिनी काठमाडौंमा एक सय ७० रुपैयाँसम्म पर्न गयो ।

ग्रामीण क्षेत्रमा त चिनी पाउँदै पाइएन । अति आवश्यक खाद्यान्नको आपूर्ति सम्बन्धमा अनुगमन गर्ने वाणिज्य मन्त्रालय छ । त्यहाँ सचिवदेखि थुप्रै प्रशासक छन् । चिनी उत्पादनको अवस्था कृषि मन्त्रालयले मूल्याङ्कन गर्छ तर मुलुकमा करिब तीन लाख मेट्रिकटन चिनी आवश्यक हुनेमा हाम्रा उद्योगहरूले डेढ लाख मेट्रिकटन उत्पादन गरेको उनीहरूले थाहा पाएनन् । जिम्मेवार सरकारी निकायले यसतर्फ चासो दिएनन् र चिनीको हाहाकार भयो । कर्मचारीतन्त्र आफैं सेवा-सुविधा, विदेश भ्रमणमा रमाइरह्यो मानौं उसको कुनै जिम्मेवारी नै छैन । फलत: सरकार धेरै बदनाम भयो ।

मधेस प्रदेशमा एक उद्यमीले दाल मिल खोल्ने भए । त्यसका लागि आईईए गर्नुपर्‍यो । उनले एक ठूलो गोदामभित्र सानो गोदाम बनाएर मिल खोल्न खोजेका थिए । स्थानीय वडाध्यक्षले आईईएको मुचुल्कामा सही गर्न पाँच लाख लाग्ने बताए । उद्योगीले तर्क गरे, आफूले खोल्ने मिल ठूलो गोदामभित्रको सानो गोदाममा अवस्थित छ । त्यसले कुनै वातावरण प्रदूषण गर्दैन तर वडाध्यक्ष भन्छन्- मलाई वातावरणसँग के सरोकार ! मैले जे लेख्यो त्यही हुन्छ । अन्तत: उनलाई चेपुवामा पारेर ठूलो रकमको लेनदेन भयो ।

मधेस प्रदेशकै एक उद्योगले २०४२ सालतिर जग्गा खरिद गरी त्यति खेरै पर्खाल लगाई उद्योग स्थापना गरेको थियो । २०७८ सालतिर उसले त्यहाँ थप निर्माणको कार्य गर्नुपर्ने भएकाले नक्सा पास गर्नका लागि वडा कार्यालय गयो । वडाध्यक्षले भने- तिमीले सार्वजनिक जग्गा मिचेका छौ । मैले चुनाव लड्दा लाखौं रुपैयाँ खर्च गरेको छु । मलाई २० लाख दिए नक्सा पास हुन्छ, नत्र तपाईंको पुरानो पर्खाल भत्काउनुपर्छ ।

२०४२ सालमा लगाएको पर्खालले सार्वजनिक जमिन मिचेको थियो थिएन थाहा छैन । तर एक उद्योगले यस्तो अवस्थामा कसरी उद्योग गर्ने गम्भीर प्रश्न उब्जिन्छ ।

सरकारले उद्योग विकासका लागि एकद्वार प्रणाली भनेको वर्षौं भयो । तर यसको कार्यान्वयन भएको छैन । जुन मन्त्रालय वा विभाग गयो, त्यहाँ ढिलासुस्ती, कुशासन र भ्रष्टाचारको मार उद्योगीहरूले भोग्नुपरिरहेको छ । काम नगरे पनि सरकारी कर्मचारीको केही बिग्रँदैन । नेपालमा काम नगर्ने कर्मचारीलाई दण्डित गर्ने कुनै कानुन नै छैन । कसैले काम नगरे सरकारले बढीमा सरुवासम्म गर्ने हो, त्यसको खास प्रयोजन छैन । काम गरेर रिस्क लिनुभन्दा काम नगरी बस्नु कर्मचारीहरू ठीक ठान्छन् । अथवा उनीहरूलाई अवैध आम्दानी हुने भए मात्र कलम चलाउँछन् । जबसम्म काम नगर्दा दण्डित हुनुपर्ने कठोर कानुन बन्दैन । तबसम्म यो रोग रहिरहनेछ । मैले भोगेको एक अनुभव, एक वरिष्ठ सहसचिवले करिब एक वर्षसम्म हाजिर मात्र गरे, कुनै टिप्पणीमा सही गरेनन्, कारण सही नगर्दा विवादमा नपरिने र सही गरेमा कतै विवादित भएर सचिवमा बढुवा नहुने पो हो कि भन्ने डर उनलाई थियो । अन्तत: उनी सचिव भए । अब कल्पना गरौं, सो मन्त्रालय कसरी चलेको होला ।

आत्मनिर्भर अर्थतन्त्रका लागि मुलुकमा उद्योग व्यवसायको विकास हुनु अपरिहार्य छ । तर त्यसका लागि सरकारले उद्योगी व्यवसायीको विश्वास जित्न सक्नुपर्छ । उनीहरू भनेको र थका दोस्रो पाङ्ग्रा अर्थात् करदाता हुन् भन्ने मान्यता राख्नुपर्छ । हाम्रोमा त्यस्तो छैन । उद्योगी व्यवसायीलाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरिन्छ । मुलुकमा कुशासन छ, भ्रष्टाचार छ । मुलुकमा उद्योग व्यवसाय नफस्टाउन नीतिगत व्यवस्थासँग सम्बन्धित छ । उद्योगलाई औद्योगिक व्यवसाय ऐन, वन ऐन, स्थानीय शासनसम्बन्धी ऐन, श्रम ऐन, भूमिसम्बन्धी ऐन, सामाजिक सुरक्षा ऐन, आयकर, भन्सार, गुणस्तर आदि ऐनले बाँधेको छ । अति नियमनको व्यवस्थाले गर्दा उद्योगीहरू हतोत्साहित छन् । एक भगौडा सिपाहीले युद्ध नजितेजस्तै एक निराश उद्योगपतिले अति नियमनले उद्योग बढाएर राज्यलाई बढी कर तिर्छ भनेर सोच्नु नै गलत हो । उद्योगीले खोलाको डिलमा लगेर पैसा खन्याएको छ । तर त्यसको सुरक्षण छैन । अनेकौं आपराधिक गतिविधि उसैले भोग्नुपर्दछ ।

उद्योग स्थापना गर्न पलपलमा हन्डर खानुपर्छ । भ्रष्ट कर्मचारी, कुशासनको प्रभाव, असहयोगी स्थानीय, सरकारको अकर्मण्य कार्यशैली आदिको प्रभाव हाम्रो उद्योगमा छ । आत्मनिर्भर अर्थतन्त्रका लागि नेपालमा सबैभन्दा सम्भावना भएको क्षेत्र भनेको कृषि क्षेत्र हो । आधुनिक, व्यावसायिक एवं वैज्ञानिक कृषि क्षेत्रले नै मुलुकमा आयातको प्रतिस्थापन सम्भव छ तर मुलुकमा कृषि क्षेत्रलाई छियाछिया बनाइएको छ । जमिनको अति खण्डीकरण, सिँचाइको न्यूनतम सुविधा, केही वर्ष अघिसम्म द्वैध स्वामित्व, गुणस्तरीय मल तथा बिउको अभाव, कृषकको उत्पादनले सही मूल्य नपाउनु र कृषि उपजमा बिचौलियाको बढ्दो प्रभाव एवं माफियाहरूको रजगजले गर्दा कृषि क्षेत्र फस्टाउन सकेको छैन । यसले मुलुकको समग्र आर्थिक विकासमा नकारात्मक प्रभाव पारेको छ ।

उद्योग व्यवसायमा अति नियमनले नयाँ नयाँ समस्या आइरहेका छन् । अत्यन्तै महँगो कर प्रणाली, त्यसमाथि बढ्दो भ्रष्टाचार र कुशासनको मारमा उद्योगहरू छन् । श्रम ऐन श्रमिकको भलाइका लागि मात्र बनेको छ । उद्योग नरहे श्रमिक पनि रहँदैनन् भन्ने मान्यता श्रम ऐनले राख्दैन । श्रम अदालत एकतर्फी छ । त्यहाँ ९९ प्रतिशत मुद्दा श्रमिकले जित्छन् र ट्रेड युनियनका नेता श्रम अदालतका न्यायाधीश छन् । सामाजिक सुरक्षा कोष अव्यावहारिक छ । त्यसले हरेक साना उद्योगीलाई अपराधी बनाएको छ । राज्यले जसलाई जुन बेला डामे पनि डामिने । समग्रमा भन्नुपर्दा यहाँका सत्तासीनहरूलाई उद्योगको विकास चाहिएको छैन । यो अहिलेदेखिको सोच होइन । प्रथम विश्व युद्धमा होमिएका सैनिकले विदेशबाट ल्याएको पैसाले उद्योग नखोली व्यापारका माध्यमबाट राजस्व उठाई राणाहरूले शासन गरे, पञ्चायतमा धेरथोर पनि यही भयो । बहुदल आएपछि उद्योग व्यवसायको विकासका लागि खुला अर्थतन्त्रको नीति लिए पनि मुलुक माओवादी द्वन्द्वमा गएपछि विकासको गति उल्टो हिँड्यो । माओदी विद्रोही एवं राज्यको तर्फबाट हिंसात्मक कार्य भए । गाउँ-गाउँबाट युवाहरू लखेटिए । सरकारले शान्ति सुरक्षाको नाममा मनपरी गर्न थाल्यो भने माओवादीले भौतिक संरचना, स्कुल, अस्पताल, विद्युत्गृह भत्काउने र नयाँ बन्न दिएन । फलत: मुलुक सयौं वर्षसम्म पछि पर्न गयो ।

अन्तमा जबसम्म हाम्रो कर्मचारीतन्त्रमा काम नगर्ने कर्मचारीलाई सेवाबाट हटाउने वा कारबाही गर्ने कानुन बन्दैन वा कर्मचारीतन्त्र यस्तै अयोग्य रहिरहन्छ र नेपाली समाजलाई रेगुलेट गरी कम नियमनमा चल्ने देश बन्दैन । जबसम्म कम सरकार र बढी सुशासन हुँदैन, सरकार चुस्त हुँदैन, सरकारसँग उच्च नैतिक बल हुँदैन, पारदर्शी हुँदैन, कुशासनले ग्रस्त हुँदैन, तबसम्म मुलुकको यही दशा रहिरहनेछ । मेरो श्रम, सम्पत्ति र क्षमता यही मुलुकको विकासमा खन्याउनेछु, यो देशको विकास भए मेरा सन्तति सुरक्षित रहनेछन्, उनीहरूको शिक्षादीक्षा, स्वास्थ्य र बसोबास यही मुलुकमा हुनेछ भन्ने भावना हरेक नेपालीमा आउन ढिलो भइसकेको छ । यो सबै भावना आत्मनिर्भर अर्थतन्त्र र सुशासन अर्थात् कम शासनले मात्र ल्याउन सक्छ ।

*(साभार: रातोपाटी)*

> काम नगरे पनि सरकारी कर्मचारीको केही बिग्रँदैन । नेपालमा काम नगर्ने कर्मचारीलाई दण्डित गर्ने कुनै कानुन नै छैन । कसैले काम नगरे सरकारले बढीमा सरुवासम्म गर्ने हो, त्यसको खास प्रयोजन छैन । काम गरेर रिस्क लिनुभन्दा काम नगरी बस्नु कर्मचारीहरु ठीक ठान्छन् ।

# दीक्षान्तका नाममा शक्ति प्रदर्शन गर्ने कि त्रिविको गुणस्तर सुधार्ने ?

काठमाडौं/गिनिज बूक वर्ल्ड रेकर्ड भनेर स्वयं त्रिभुवन विश्वविद्यालयका पदाधिकारीले सञ्चारकर्मीलाई दिएको सूचना त गलत निस्कियो नैह ख्यातनाम नै नरहेको अर्कै गैरसरकारी संस्थाले दिने विश्व रेकर्ड प्रमाणपत्रका लागि लालायित भएर त्रिविले दीक्षान्त त्रिपुरेश्वर मैदान लग्यो । दशरथ रंगशालामा जारी नेपाल सुपर लिग एनएसएल नै एक दिन प्रभावित हुने गरी त्रिविको ४९औं दीक्षान्त सोमबार आयोजना भयो ।




१२ हजार ४१५ दीक्षित विद्यार्थी, अनि तिनका अभिभावक गरी २६ हजारभन्दा बढ्ता सहभागीहरूका लागि टेकु, त्रिपुरेश्वर, तीनकुने लगायत नाकामा सवारी डाइभर्ट गराउँदा हजारौं यात्रु प्रभावित बन्न पुगे । स्कुले बालबालिका गह्रौं ब्याग बोकेर आफ्ना स्कुलतिर गइरहेको दृश्य देख्न सकिन्थ्यो । बुझ्दै जाँदा थाहा भयो- त्रिविको दीक्षान्तका लागि २६ हजारभन्दा बढ्ता सहभागी जम्मा गराएर विश्व रेकर्ड राख्ने कामका लागि राजधानी शहरको दैनिकी नै असन्तुलित भइरहेको थियो ।

तर प्रधानमन्त्री तथा त्रिविका पदेन कुलपति प्रचण्डले भने यो भद्रगोलमा पनि गौरव नै गरि छाडे । दीक्षान्त समारोहमा पुगेर उनले ठूलो संख्यामा आएका विद्यार्थीलाई बधाई दिए । देशमै केही गर्न शुभकामना बाँडे । त्रिविलाई दलगत भागबन्डारहित बनाउने दाबी गरे ।

अनि फेसबुक पेजमा प्रचण्डले लेखे- 'आजको यो दीक्षान्त समारोह नेपालको इतिहासमा मात्रै ऐतिहासिक बनेन, विश्व इतिहासमा नै दीक्षान्त समारोहको तमाम शृंखलामा एउटा रेकर्ड हुनगयो । आज म यस अवसरमा त्रिभुवन विश्वविद्यालयबाट नै राजनीतिक भागबन्डाको अन्त्य गर्ने, मेरिटको आधारमा उपकुलपति लगायत पदाधिकारी नियुक्ति गर्ने प्रतिबद्धता तपाईंहरूको अगाडि व्यक्त गर्दछु ।'

प्रचण्डलाई थाहा छ, दलगत अराजकता र अव्यवस्थामा त्रिविका थुप्रै अघोषित रेकर्ड छन्, जसले गर्दा नेपालकै पुरानो र ठूलो प्राज्ञिक संस्था बदनाम छ । रेकर्डकै कुरा गर्ने हो भने टाइम्स हायर एजुकेशनले निकाल्ने गरेको विश्ववरियता रेकर्डमा पछिल्ला पाँच वर्षयता उत्कृष्ट हजार विश्वविद्यालय भित्र पर्दै आएको त्रिवि सन् २०२४ मा भने १२ सय देखि १५ सय विश्वविद्यालयभित्र पर्न गयो ।

६ महिनामा सकिने सेमेस्टर प्रणालीमा विश्वविद्यालय गए पनि रिजल्ट निकाल्न झन्डै एक वर्षसम्म लगाउँदा आलोचित हुँदै आएको त्रिविमा गुणस्तरलाई लिएर बग्रेल्ती प्रश्नहरु छन् । आफ्नो गुणस्तरबारे प्रश्नहरु उठेपछि गत असोज १६ गते वक्तव्य नै निकालेर त्रिविले खण्डन र प्रष्टीकरण दिनुपरेको थियो । प्रचण्डले विश्वविद्यालयको खुला प्राज्ञिक प्रतिस्पर्धामा आउन देशभित्र र विश्वभर रहेका विज्ञ नेपालीलाई आह्वान गरे । दलहरूलाई पनि विश्वविद्यालयमा भागबन्डा होइन मेरिटको आधारमा नियुक्ति गर्नका लागि अग्रसर हुन अपील गरे ।

प्रधानमन्त्री तथा कुलपति प्रचण्डले ठूलो संख्यामा दीक्षान्त गराउन सकेको जस लिन खोज्दै उल्लास मनाए पनि प्राज्ञहरू सरकारी तथा त्रिवि पदाधिकारी शैलीसँग बिच्किएका छन् । प्राध्यापक चैतन्य मिश्रलाई पनि यस्ता रेकर्ड राख्ने लहडबाजीले झस्कायो । हुन पनि कोही उल्टो हिंडेर मेची-महाकाली, कोही उल्टो साइकल चलाएर यात्रा गर्ने रेकर्ड राख्न पछि पर्दैनन् । शान्तिको कामना गर्दै विश्वयात्रा गर्नेहरूको अलग्गै रेकर्ड होला ।

'मान्छेहरू बुढीऔंला कति छिटोछिटो वा कतिचोटिसम्म पड्काउन सक्छु भन्नेमा समेत रेकर्ड बनाउँछन्' मिश्र भन्छन्, 'कति संख्या जुटाएर दीक्षान्त गराउँछु भन्नु ठूलो कुरा होइन, कति गुणस्तर दिन सकियो भन्ने कुरा चाहिं वास्तवमै ठूलो हो ।' त्रिविका पूर्व उपकुलपति केदारभक्त माथेमाको विचारमा कुनै पनि विश्वविद्यालयले रेकर्ड बनाउने वा कम्तीमा गौरव गर्ने भनेको आफ्नो गुणस्तरमा हो, संख्यामा होइन । कुनै शक्ति प्रदर्शनको शैलीमा राजधानीको मध्यभागमा विद्यार्थी बोलाइएको प्रकरणलाई उनले राम्रो मानेनन् ।

'म भिसी भएकै बेलामा पनि यसरी धेरै विद्यार्थी डाकेर दीक्षान्त गराउनुहुन्न भनेर नसोचेको होइन' २०४८ देखि २०५१ सम्म त्रिविको नेतृत्व गरेका माथेमाले भने, 'पृथ्वीनारायण क्याम्पस पोखरा, महेन्द्र मोरङ क्याम्पस विराटनगर तिर दीक्षान्त मात्रै होइन, परीक्षा र मूल्यांकन नै गराउन सकिन्छ भनेको हो, तर राजनीति गर्नेहरूको हात चिलाएपछि यस्तै यस्तै दृश्य दोहोरि इरहन्छ ।'

दशरथ रंगशालामा दीक्षान्त भएको यो पहिलो घटना होइन । खासगरी त्रिवि परिसर कीर्तिपुर, अनि पुल्चोक क्याम्पसमा हुँदै आएको दीक्षान्तलाई विद्यार्थी संख्याको आकलन गरेर त्रिपुरेश्वर रंगशालामा ल्याउने गरिन्छ । यस वर्ष विश्व रेकर्डका लागि भनेर दीक्षान्त आयोजना गरिंदा पदेन कुलपति अर्थात् प्रधानमन्त्री प्रचण्ड मात्रै होइन, राष्ट्रपति रामचन्द्र पौडेल पनि सहभागी थिए ।

रोचक के छ भने आइतबार महोत्तरीको जनता मावि, गौरीडाँडामा स्वर्ण महोत्सव उद्घाटन गर्न समेत बाँकी नछाडेका प्रधानमन्त्री आज सोमबार विश्वविद्यालयको दीक्षान्त समारोहमा आइपुग्नु अनौठो मामिला भएन । उनले त्रिपुरेश्वर मैदानमा अब भागबन्डाको संस्कृति रोकेर योग्यता र क्षमताकै आधार मा उपकुलपति तोक्ने प्रथा सुरु गरिने घोषणा गरे । विश्वविद्यालयलाई दलगत स्वार्थ समूहको छायाँबाट टाढै राखेर प्राज्ञिक अनुसन्धान तथा प्राध्यापन हुनुपर्ने लामो समयदेखिको माग सम्बोधन हुनुपर्ने आवाज उठ्दै आए पनि प्रधानमन्त्रीको वाचा कार्यान्वयन हुनेमा धेरैको आशंका छ ।

पूर्व उपकुलपति माथेमा भन्छन्, 'राजनीति गर्नेहरूको धीत मरेकै छैन । नत्र त्रिविलाई टिचिङ युनिभर्सिटी होइन, रिसर्च युनिभर्सिटी बनाउन कति धेरै ढिलो भइसक्यो भनेर जति भने पनि उहाँहरूले मान्नुभएको छैन । प्रवृत्ति यही रहिराख्दासम्म संख्या मात्रै देखाएर रेकर्ड राख्नुको कुनै अर्थ छैन ।'

एकातिर त्रिविको साइज नै ठूलो छ । अरू विशिष्टीकृत विषय र विधामा विश्वविद्यालय तथा स्वायत्त शैक्षिक संस्था बनाउन नेतृत्व तयार देखिन्न, बरु भएकै संरचनालाई पनि सक्दो केन्द्रीकृत गर्ने ध्याउन्न छ । मिश्रलाई लाग्छ- कतिपय सैद्धान्तिक र साझा कुरा सबैतिर पढाए भयो । नत्र सुदूर पश्चिम, गण्डकी वा कोशीका विद्यार्थीलाई एकैनासको पाठ्यक्रम पढाउनु गलत हो । तिनलाई एकै प्रणालीमा परीक्षा, रिजल्ट अनि दीक्षान्त गराउनु झनै गलत हो ।

'सबै प्रदेश र भेगमा उही कुरा किन पढाउनुपर्‍यो ? स्थानीय आवश्यकता र त्यहाँको मौलिकता समेट्दै पाठ्यक्रम बनाउने जिम्मा सोही प्राध्यापकलाई दिऊँ, परीक्षा र मूल्यांकन पनि उसैले गराओस्' मिश्र भन्छन्, 'तर सबै कुरा झन् बढी केन्द्रीकृत हुँदै जाँदा आजको जस्तो स्थिति निम्तिन्छ । धेरै पास हुनु वा दीक्षित हुनु समस्या होइन, उनीहरू कसरी पास भए, अब कसरी अगाडि बढ्छन् भन्ने मुख्य चिन्ताको कुरा हो ।'

किङ्स कलेज काठमाडौंका प्राचार्य नरोत्तम अर्यालको विचारमा कति विद्यार्थी जम्मा गराएर दीक्षान्त गराइयो भन्ने भाष्य नै गलत छ । यो भाष्यले शिक्षा प्रणाली कस्तो बनाउने, कस्ता विद्यार्थी उत्पादन गर्ने भन्ने प्रश्नतर्फ झन् गम्भीर बनाउनुपर्ने उनको राय छ ।

'जति साना एकाइहरू बनाउन सक्यो, त्यति नै गुणस्तर कायम हुन्छ, संघीयताको मर्म अनुसार पनि झन् बढी विशिष्टीकृत ज्ञानलाई तल्लो तहसम्म पुर्‍याउनुपर्छ' अर्याल भन्छन्, 'तर सबै कुरालाई काठमाडौंकेन्द्रित गर्ने, जुम्लादेखि झापासम्मका विद्यार्थीलाई एकैनासको पाठ्यक्रम र मूल्यांकन पढाएर जुन रेकर्ड बनाउन खोजिएको छ, यसमा गर्वभन्दा पनि शरम मान्नुपर्ने अवस्था छ ।'

*(स्रोत: अनलाइनखबर)*

# गाउँपालिका महासंघ बागमती प्रदेशद्वारा मुख्यमन्त्रीलाई ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ गाउँपालिका राष्ट्रिय महासंघ बागमती प्रदेश समितिले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई सोमबार ध्यानाकर्षणपत्र बुझाएको छ ।



महासंघ प्रदेश कार्यसमिति अध्यक्ष कर्णबहादुर मगर नेतृत्वको टोलीले कर्मचारी समस्या समाधान लगायत ६ बुँदे ध्यानाकर्षणपत्र बुझाएको हो । ज्ञापनपत्रमा प्रदेश समपुरक र विशेष अनुदान कार्यविधि संशोधन गर्न, स्थानीय सरकारसँग सम्बन्धित कानूनहरु निर्माण गर्दा गाउँपालिका राष्ट्रिय महासंघको अनिवार्य सहभागिता गराउन, स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिबृद्धि तालिम महासंघको सहकार्यमा गर्न प्रदेश सरकारसँग माग गरिएको छ ।

त्यसैगरी, गाउँपालिका महासंघ बागमती प्रदेश कार्यालय संचालन गर्न अनुदानको व्यवस्था गर्न, स्थानीय सरकारको कर्मचारी सरुवा बढुवा हुँदा सम्बन्धित गाउँपालिकासँगको समन्वयमा मात्रै गर्न र दहत्तरबहत्तर संकलन लगायतका कानूनी जटिलता हटाउन महासंघले प्रदेश सरकारसँग माग गरेको छ । ध्यानाकर्षणपत्र बुझ्दै मुख्यमन्त्री जम्कट्टेलले गाउँपालिका महासंघले उठाएका कर्मचारी अभाव, दहत्तर बहत्तर संकलनलगायत स्थानीय सरकार संचालनका क्रममा परेका समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा महासंघ बागमती प्रदेश कार्यसमिति सचिव कान्छालाल जिम्बा, सहसचिव मानकुमारी पाखिन र सदस्य फणिन्द्र तिमल्सिनाको सहभागिता रहेको थियो । टोलीले स्थानीय तहमा कर्मचारी अभावको समस्याबारे प्रदेश लोकसेवा आयोगका पदाधिकारी, बागमती प्रदेशका प्रमुखसचिव घनश्याम उपाध्याय र प्रदेश किताबखानाका निर्देशक अनिता तामाङसँग छलफल गरेको थियो ।

# महोत्सवमा पलको क्रेज, अब हलमा फर्काउनु पर्ने चुनौती

काठमाडौं/यसमा दुईमत नै छैन कि पल शाह अहिलेको समयका राम्रो क्रेज भएका अभिनेता हुन् । विशेषगरी म्यूजिक भिडियोबाट उनी घर-घरमा चिनिएका छन् । एक घटनाका कारण एक वर्ष जेल जीवन बिताए पनि उनको क्रेज खासै खस्किएको छैन । मेला-महोत्सवमा उनको नामले उर्लिने भीडले पनि यो प्रष्ट देखाउँछ । जेलमुक्त भएपछि उनी लगातार विभिन्न महोत्सवमा सहभागी भइरहेका छन् ।



यसैक्रममा, उनी यही शनिबार धनगडीस्थित 'सुदूरपश्चिम महोत्सव'मा प्रस्तुति दिन पुगेका थिए । त्यहाँ उनलाई हेर्नका लागि १ लाख बढी दर्शक ओइरिएको बताइन्छ । आयोजकले भीड र टिकट व्यवस्थापन समेत सकेको थिएन । पललाई आफ्नो मोबाइलमा कैद गर्न र छुनका लागि दर्शकहरुबीच भएको हानाथाप रोचकलाग्दो देखिएको थियो । यसले उनको क्रेजलाई थप प्रमाणित गरेको छ ।

तर, नेपाली कलाकारहरुको क्रेज मेला-महोत्सवमा मात्र सीमित भएको देखिन्छ । त्यही कलाकारको फिल्म हलमा रिलिज हुँदा भने दर्शकको खडेरी लाग्छ । पलकै हकमा यो देखिएको छ । अब उनलाई आफ्नो क्रेज हलमा पनि प्रमाणित गर्नुपर्ने ठूलो चुनौती छ । अर्को वर्ष उनका दुईवटा फिल्म 'मायावी' र 'पूजार सार्की' प्रदर्शनमा आउनेछन् । यी दुई फिल्मले उनको क्रेजको परीक्षा लिनेछन् ।

जेल जीवनपछि उनको करिअर चुनौतीपूर्ण अवस्थामा छ । एउटा वर्गले उनलाई स्वीकार नै नगर्न सक्छ । यो अवस्थामा उनले अब फिल्म गर्ने शैली बदल्नु पर्छ । अभिनयमा आफूलाई परिपक्व बनाउनु पर्नेछ । चरित्रमा विविधता खोज्न आवश्यक छ । एक हिसाबले फिल्ममा उनको 'पूर्नजन्म' हो । अब उनले लुक्सको भ्रमबाट मुक्त भएर अभिनयको ल्याकतमा आफूलाई स्थापित गर्न जरुरी छ ।

# ६ महिनापछि एक्सन रुममा झुल्किए प्रधानमन्त्री

काठमाडौं/करिब ६ महिना हुनलाग्दा सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार स्थित 'एक्सन रुम'को ढोका खुल्यो ।

गत १३ असारमा यो रुमबाट भेरी-बबई र सुनकोशी-मरिण डाइभर्सन परियोजनाबारे जानकारी लिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड यता छिरेका थिएनन् ।

तर, आफू प्रधानमन्त्री भएको एक वर्ष पूरा हुन लाग्दा सार्वजनिक रुपमा केही गर्न नसकेको भनेर आलोचना सुरु भएपछि प्रचण्ड 'एक्सन रुम'मा झुल्किएका छन् । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, मुख्यसचिव डा. बैकुण्ठ अर्याल, यातायात सचिव केशवकुमार शर्मा, प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्याल र गणेप्रसाद पाण्डेय तथा सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल समेत 'एक्सन रुममा देखिए ।

प्रधानमन्त्रीले निर्माणाधीन नारायणगढ-बुटवल सडकखण्ड र मुग्लिन-पोखरा सडकखण्डको भर्चुअल निरीक्षण गर्दै आयोजनाका अधिकारीहरुसँग कामको प्रगति, समस्या र चुनौतीबारे भिडियोमार्फत कुराकानी गरे । प्रधानमन्त्रीलाई बुटवल-नारायणगढ सडकखण्डको दुई प्याकेजका दुई आयोजना प्रमुखहरुले गरेको ब्रिफिङअनुसार २०७९ साउनसम्म सबै काम सकिनुपर्नेमा अहिले करिब ३९ प्रतिशत मात्रै सकिएको छ ।

थपिएको म्यादअनुसार महिनामा औसत ४ प्रतिशत प्रगति (माइलस्टोन) हासिल गर्नुपर्ने यो आयोजनामा एक प्रतिशत पनि प्रगति भएको छैन । खाल्डैखाल्डा भएको यो सडकबाट यात्रा गर्ने हजारौं यात्रु दैनिक प्रभावित भइरहेको र धुलो/हिलोबाट स्थानीय पीडित रहेको रिपोर्टिङ आयोजना प्रमुखहरुले प्रधानमन्त्रीलाई गराएका थिए ।

दुबै प्याकेजको ठेक्का पाएको चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसनले कामको गति नबढाएको भन्दै आयोजना प्रमुखहरुले स्थानीय तहहरुले पनि ढुंगा, गिट्टी, बालुवा उपलब्ध गराउन आनाकानी गरेको रिपोर्ट गरे । २०८१ जेठसम्म सकिनुपर्ने यो आयोजना कहिले सकिन्छ भन्नेमा आयोजना प्रमुखहरुले पनि प्रष्ट जवाफ दिन सकेनन् ।

प्रधानमन्त्रीले पर्यटकीय नगरी पोखरालाई जोड्ने मुग्लिन-पोखरा सडक खण्डको दुरवस्थाबारे पनि जानकारी लिएका छन् । पूर्वतर्फको खण्डमा केही सन्तोषजनक काम भएपनि चीनको अनहुइ काइयुआन हाइवे एण्ड ब्रिज कम्पनीले ठेक्का लिएको ४८ किलोमिटरको पश्चिम खण्ड (पोखरातर्फ) मा हालसम्म ७० प्रतिशत काम सकिनुपर्नेमा करिब ११ प्रतिशत मात्रै काम भएको छ ।

बैठकमा सहभागी प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्यालका अनुसार बिजुलीको पोल सार्न भएको ढिलाइ र निर्माण सामग्री अभाव भएर काम रोकिएको विषयलाई प्रधानमन्त्रीले गम्भीरतापूर्वक लिएर समाधानका लागि निर्देशन दिएका छन् ।

'काममा ढिलाइ हुने र त्यसका कारण लामो समयसम्म जनताले सास्ती पाउने अवस्था र हनुहुँदैन भन्नेमा प्रधानमन्त्रीज्यूको जोड छ', अर्यालले भने, 'तोकिएको समयभित्रै काम हुनुपर्छ भन्नेमा उहाँले ध्यानकर्षण गराउनुभएको छ ।'

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार प्रधानमन्त्रीले परियोजनाहरू भनेजस्तो जस्तो गरी अगाडि नबढेको र जनताले महसुस गर्ने गरी कामको प्रगति नभएकोमा असन्तुष्टि जनाएका थिए । 'सन्तुष्ट हुन सक्ने कुनै अवस्था देखिँदैन । हाम्रो भूमिका गुणात्मक रूपले बढाउनुपर्छ', उनले भनेका छन् ।

गिट्टी, बालुवा ढुंगा, विद्युतका सानातिना समस्याहरू समाधान गर्ने कुरा सरकारले सहजै गर्न सक्नुपर्ने भन्दै प्रधानमन्त्रीले फिल्ड कार्यालयले समस्याबारे समयमै जानकारी गराएर समाधान खोज्नुपर्ने बताए । 'समयमै कुरा आए समाधान गर्न सजिलो हुन्छ, बाहना बनाएर काम भएन भन्न पाइने छैन', उनले भने ।

प्रधानमन्त्रीले एक्सन रुमबाट रिपोर्ट लिएर परियोजनाहरुको निरीक्षणका लागि फिल्डमा नै जाने बताए । 'अब धेरै समय विकासका कामलाई दिन्छु', उनले भने, 'राष्ट्रिय गौरबका योजनामा काम २ सिफ्टमा गराउनुपर्छ, गम्भीर गृहकार्य गरौं ।' प्रधानमन्त्रीले यसअघि १३ असारमा एक्सन रुमबाट भेरी बबई र सुनकोशी मरिण गरी दुई डाइभर्सन आयोजनाको प्रगति विवरण सुनेका थिए । त्यतिबेला उनले एक्सन रुमबाट राष्ट्रिय गौरबका आयोजनाहरुको निरीक्षण गर्ने बताएका थिए । त्यतिबेला प्रधानमन्त्री प्रचण्डले कर्मचारीहरुलाई 'एक्सन रुम'को प्रयोग गरेर ठूला आयोजनाको 'लाइभ मनिटरिङ' प्रभावकारी बनाउन र कम्तीमा महिनाको एकपटक आफूलाई पनि जानकारी गराउने कार्यतालिका बनाउन निर्देशन दिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# ऋण काढेर खर्च धान्ने बाध्यतामा सरकार

काठमाडौं/चालु आर्थिक वर्ष (आव) २०८०/८१ को पहिलो पाँच महिना (साउन-मंसिर)को अवधिमै सरकारले १ खर्ब ३१ अर्ब २८ करोड रुपैयाँ सार्वजनिक ऋण उठाएको छ । आन्तरिक र भन्सार राजस्वबाट मुस्किलले चालु खर्च धानिरहेको अवस्थामा सरकारले खर्च धान्नकै लागि सार्वजनिक ऋण लिनु परेको देखिन्छ । मंसिर मसान्तसम्म सरकारको खर्च र राजस्व सहितको आम्दानीका बीचमा ६९ अर्ब रुपैयाँ बराबरको खाडल छ ।

यसको परिपूर्तिका लागि सरकारले आर्थिक वर्षको सुरुवाती महिनामै ठूलो मात्रामा ऋण लिनु परेको छ । मंसिर मसान्तसम्म ४ खर्ब ५२ अर्ब रुपैयाँ खर्च गरेको सरकारले राजस्व संकलन र अन्य आम्दानीबाट ३ खर्ब ८३ अर्ब रुपैयाँ मात्र संकलन गर्न सकेको छ । यस वर्ष १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको सरकारले ४ खर्ब ५२ अर्ब रुपैयाँ ऋण (आन्तरिक र बाह्य) उठाएर जोहो गर्नुपर्ने हुन्छ ।

अर्थ मन्त्रालय मातहतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको आंकडा अनुसार साउनयता सरकारले मंसिरसम्म आन्तरिक ऋण १ खर्ब ११ अर्ब ३१ करोड उठाइसकेको छ । बाह्य ऋण प्राप्ती भने मात्र १९ अर्ब ९७ करोड रुपैयाँ रहेको छ । यसबीचमा सरकारले ५९ अर्ब ३७ करोड रुपैयाँ सार्वजनिक ऋणको साँवा भुक्तानीमा खर्च गरेको छ । लिएको ऋणबाट तिरेको ऋणको अंश घटाउँदा चालु आवको पहिलो पाँच महिनामा खुद सार्वजनिक ऋण ७१ अर्ब ९० करोडले बढेको छ । असार २०८० सम्म २२ खर्ब ९९ अर्ब ३५ करोड रुपैयाँ रहेको सार्वजनिक ऋण मंसिर २०८० मा आइपुग्दा २३ खर्ब ७१ अर्ब पुगेको हो । जसमा आन्तरिक ऋण ११ खर्ब ९७ अर्ब ५७ करोड र बाह्य ऋण ११ खर्ब ७३ अर्ब ६८ करोड रूपैयाँ रहेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका निमित्त कार्यालय प्रमुख डिलाराम गिरीका अनुसार सुरुवाती महिनामा पर्याप्त तरलताका कारण आन्तरिक ऋण उठाउन बढी जोडबल गरिएको थियो । बाह्य ऋण भने सामान्यतया कार्यप्रगतिका आधारमा आउँदै जाने उनले जानकारी दिए । नेपालको बजेट कार्यान्वयनको अभ्यास अनुसार सुरुवाती महिनामा बढीजसो ठेक्का पट्टामा कागजी काम धेरै हुन्छ । दोस्रो चौमासबाट निर्माणको कामले गति लिन्छ । बाह्य ऋण धेरैजसो सोधभर्नामा आधारित हुने भएकाले पूँजीगत खर्च नभएसम्म बाह्य ऋण प्राप्ति उल्लेख्य भएको नदेखिने उनको भनाइ छ ।

### सावाँ-ब्याज भुक्तानीमा पौने ९२ अर्ब खर्च

कार्यालयका अनुसार साउनदेखि मंसिरसम्म सार्वजनिक ऋणको सावाँ-ब्याज भुक्तानीमा पौने ९२ अर्ब रुपैयाँ खर्च भएको छ । ९१ अर्ब ७५ करोड रुपैयाँ सो प्रयोजनमा खर्च भएको कार्यालयले जनाएको छ । आन्तरिक ऋणको सावाँ भुक्तानीमा ४२ अर्ब ८४ करोड खर्च गरेको सरकारले ब्याज भुक्तानीमा २७ अर्ब ७२ करोड रुपैयाँ खर्च गरेको छ । बाह्य ऋणतर्फ सावाँ भुक्तानीमा १६ अर्ब ५३ करोड रुपैयाँ खर्च गरेको सरकारले ब्याज भुक्तानीमा भने मात्र ४ अर्ब ६६ करोड रुपैयाँ खर्च गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूजार सार्की'मा अञ्जना र परीक्षाको प्रवेश

काठमाडौं/दिनेश राउतको निर्देशनमा बन्न लागेको फिल्म 'पूजार सार्की'मा दुईजना अभिनेत्रीको प्रवेश भएकोछ । फिल्म 'महापुरुष'बाट डेब्यू गरेकी अञ्जना बराइली र 'जारी', 'छक्का पञ्जा ४' जस्ता फिल्ममा काम गरिसकेकी परीक्षा लिम्बु फिल्मको मुख्य भूमिकामा निश्चित भएका हुन् । दुई हप्ताअघि निर्माण टिमले अभिनेत्रीका लागि अडिसन आह्वान गरेको थियो । दुवैलाई अडिसनबाटै छानिएको हो ।

फिल्ममा यसअघि नै अभिनेतात्रय आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह भित्रिसकेका छन् । फिल्ममा आर्यनको जोडी अञ्जना र प्रदीपको जोडी परीक्षासँग बाँधिनेछ । पलको भने जोडी हुने या नहुने जनाइएको छैन । आगामी माघको पहिलो साताबाट पश्चिम नेपालमा छायांकन गर्न लागिएको फिल्ममा विकास सुवेदीको लेखन छ । यसअघि उनले निर्देशक राउतकै 'प्रकाश' लेखेका थिए ।

फिल्मलाई संगीतकार समेत रहेका सुभाष भुषालले निर्माण गर्नेछन् । किङ्डम नेटवर्कको प्रस्तुति रहने फिल्मको वितरणको जिम्मा आरआर फिल्म्स (रोहित-रत्न)ले लिएको छ । पहिलोपटक आर्यन, प्रदीप र पलले एकसाथ फिल्ममा काम गर्न लागेका हुन् । जसले गर्दा 'पूजार सार्की'प्रति अपेक्षा चुलिनुको साथै दर्शकमा पखाई अधैर्य बनेको छ । सम्भवत: फिल्म अर्को वर्ष प्रदर्शनमा आउनेछ ।

# बदलाको कथामा 'चित्रा' टिजर

काठमाडौं/घनश्याम लामिछानेको निर्देशनमा बनेको फिल्म 'चित्रा'को टिजर सार्वजनिक गरिएको छ ।

सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको १ मिनेट २४ सेकेण्डको टिजर बाबु-छोरीको भावनात्मक सम्बन्धको वरिपरि घुमेको छ । एक्सनलाई पनि प्राथमिकता दिइएको टिजरले फिल्म बदलाको कथामा आधारित रहेको संकेत गर्छ । एक्सन कोरियोग्राफी टिजरमा आकर्षक छ ।

सन्तोष अधिकारी फिल्म्स तथा अस्याप इन्टरटेनमेन्ट अष्ट्रेलिया नेपालको सहकार्य रहेको फिल्ममा सन्तोष अधिकारी, मेनुका प्रधान, शुभेच्छा खड्का, प्रमोद अग्रहरी, अर्पण थापा, प्रकाश घिमिरे, अञ्जना बराइली, सिम्रन खड्का, आयुशी ढकाल, विनोद पौडेल, कपिल शर्मा, कुमार गुरुङ, उज्ज्वल ढकाल लगायतको अभिनय छ ।

फिल्म यही पुष २७ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । आशिष थापा मगर निर्माता तथा सन्तोष अधिकारी कार्यकारी निर्मातामा रहेको फिल्ममा राजनराज सिवाकोटीको शब्द तथा संगीत, अजय अधिकारीको कथा, मनिष गौतमको पटकथा तथा संवाद लेखन, सम्राट बस्नेत र टिमको द्वन्द्व निर्देशन, बनिष शाह र सन्देश शाहको सम्पादन, महेश पौडेलको छायांकन छ । फिल्मलाई देशभर केदार पराजुलीको कम्पनी श्रीकृष्ण फिल्मस्ले वितरण गर्दैछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark


टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# वडामै पुगेर योजना सम्झौता गर्दै राक्सिराङ

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाले उपभोक्ता समिति मार्फत् गरिने योजना कार्यान्वयनलाई व्यवस्थित र झन्झटरहित बनाएको छ । उपभोक्तामार्फत् हुने कामलाई झन्झटरहित बनाउन स्पष्ट कार्ययोजना र कार्यढाँचा तयार गरेको गाउँपालिकाले वडा कार्यालयमार्फत् नै योजना सम्झौताको सेवा दिएको छ ।



शुक्रबार गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारीको टोलीले ३ नम्बर वडामा पुगी उपभोक्ता मार्फत् हुने कामको सम्झौता गरेको हो । योजना कार्यान्वयनको लागि उपभोक्ता समितिलाई पटकपटक गाउँपालिका कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य गर्नका लागि वडामै पुगी आवश्यक कागजात बनाएर योजना सम्झौता गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । ३ नम्बर वडामा कार्यान्वयन गरिने करिब एकदर्जन योजनाको सम्झौता शुक्रबार वडा कार्यालय पलासैंमा गरिएको हो ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा ३ नम्बर वडामा ३४ वटा योजनामा बजेट विनियोजन गरेकोमा केहीको यसअघि नै सम्झौता भई कार्यान्वयनमा गइसकेको बताउँदै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले शुक्रबार सम्झौता हुन बाँकी रहेका योजनाको सम्झौता पनि केही दिनमै गरिने बताए । अन्य वडाबाट कार्यान्वयन हुने योजनाको पनि धमाधम सम्झौता भइरहेको बताउँदै आफूहरु योजना सम्झौताको अन्तिम चरणमा रहेको गर्तौलाले जानकारी दिए ।

राक्सिराङले गाउँपालिका तह र वडा तहमार्फत् उपभोक्ता समितिबाट गर्ने योजनाको वर्गीकरण गरेको छ भने ठेक्कामार्फत् गर्ने योजनाको पनि वर्गीकरण गर्दै योजना कार्यान्वयनको कार्ययोजना यसअघि नै बनाइसकेको छ । स्वीकृत कार्ययोजनाअनुसार राक्सिराङले मंसिर मसान्तसम्ममा सबै योजनाहरुको सम्झौता गरिसक्ने लक्ष्य राखेको थियो । साथै ४५ लाखसम्मका योजना उपभोक्तामार्फत् र सोभन्दा माथिका योजनाको ठेक्का प्रक्रियाबाट काम गर्ने जनाएको छ । ८ लाखसम्मको योजना भने वडा कार्यालयबाटै सम्झौता र कार्यान्वयन गर्नेगरी यसअघि नै कार्ययोजना स्वीकृत भइसकेको प्रमुख प्रशासकीय अधिकृत गर्तौलाले बताए । चैत मसान्तभित्र गाउँपालिकाको सबै योजनाहरु सम्पन्न गरिसकिने कार्ययोजनामा उल्लेख छ ।

उपभोक्ता समितिमार्फत् काम गर्दा चाहिने आवश्यक कागजात जुटाउने झन्झटको पनि अन्त्य गरिएको छ । उपभोक्ता समिति गठनको माइन्युटदेखि भुक्तानीसम्मका सबै प्रक्रियाका लागि आवश्यक कागजातको फाराम समेटिएको किताब नै तयार गरी गाउँपालिकाले वडा कार्यालय मार्फत् उपभोक्ता समितिमा पठाएको छ । उपभोक्ता समिति गठन, निवेदन, विविध कागजातको नमूना फारामदेखि वडा कार्यालयबाट गरिने सिफारिसको नमूनासहितको किताब उपभोक्ता समितिले प्राप्त गर्नेछन् । त्यही किताबमा उल्लेख भएको फाराम भरी सही छाप गरी उपभोक्ता समितिले गाउँपालिकासँग सम्झौता गर्न जान सक्नेछन् ।

सम्झौता भएपछि समितिलाई अर्को नमूना फाराम सहितको किताब उपलब्ध गराइनेछ । सोही किताबमा उल्लेख भए बमोजिमको फाराम भर्ने र उल्लेखित कागजात र बिल राखेर गाउँपालिकामा पेश गरेपछि अन्तिम भुक्तानी हुने व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष मल्लले बताए । गाउँपालिकाले तयार गरेको एकीकृत मान्युटलगायत अन्य आवश्यक कागजपत्रको एकीकृत पुस्तिकामा डोर हाजिरीको फारामदेखि प्राविधिक र वडा कार्यालयले गर्ने सिफारिस फारामसमेत उल्लेख रहेको छ ।

कार्ययोजनाअनुसार काम गर्नका लागि शुक्रबार वडाभित्रका उपभोक्ता समितिलाई प्रशिक्षणसमेत दिइएको थियो । योजना कार्यान्वयन पुस्तिकाको उपयोगिता र सहजताका बारेमा स्पष्ट पार्नुका साथै उपभोक्ता समितिलाई परेको समस्यासमेत सुनेर समाधानको उपायहरु बताइएको थियो ।




अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस-२०२३ को अवसरमा हेटौंडा उपमहानगरपालिका-१०, स्थित बसपार्कमा दीपप्रज्वलन गर्दै जनप्रतितिनधि र अधिकारकर्मी । वैदेशिक रोजगारीको क्रममा मृत्यु, अंगभंग र सम्पर्कविहीन भएका मजदुरको सम्झनामा दीपप्रज्वलन गरिएको माइती नेपाल मकवानपुरकी संयोजक माया लामाले जानकारी दिइन् । तस्बिर: *प्रतिक्षा न्यौपाने/साझाकुरा ।*

# हेटौंडा-काभ्रे जोड्ने छोटो दुरीको सडक शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/हेटौंडा जोड्ने छोटो दुरीको सडक शिलान्यास गरिएको छ । बिपी राजमार्गको कटुन्जेदेखि खार्पाचोक लेखपानी-सुँगुरे-बुढाखानी-फोक्सिङटार-गोकुले-तालढुंगा हुँदै हेटौंडा जाने प्रादेशिक सडक शिलान्यास गरिएको हो ।

सडक निर्माणका लागि पूर्वाधार विकास कार्यालय धुलिखेल मार्फत पहिलो चरणमा १५ किलोमिटर सडक स्तरोन्नतिको लागि ठेक्का आह्वान भएको छ । रिटेनिङ वाल, स्ल्याव ढलान, कलभर्ट, ह्युमपाइप कल्भर्ट लगायतका संरचना निर्माण हुने गरी ५१ करोड ४४ लाख लागतमा सिद्धबाबा-ग्रीनतारा जेभीले ठेक्का सम्झौता गरेको छ । प्रदेश सरकारले आयोजनाको लागि गत आर्थिक वर्षमा ९४ करोड ६९ लाख रुपैयाँ बजेट विनियोजनसहित श्रोत सुनिश्चितता गरेको थियो । चालू आवमा ७ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिंह लामा, भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल, खानेपानी उर्जा तथा सिँचाइ मन्त्री तीर्थ लामा, नेकपा माओवादी केन्द्र बागमती प्रदेशका प्रमुख सचेतक रत्नप्रसाद ढकालले संयुक्तरुपमा सडकको शिलान्यास गरेका छन् । आर्थिक मामिलामन्त्री लामाले प्रदेश सरकारमा साना योजनाका माग धेरै भएकाले समस्या भएको बताए । उनका अनुसार प्रदेश सरकारले २० लाख रुपैयाँ भन्दा कम बजेटका योजनामा प्रदेशबाट विनियोजन गरिएको छैन ।

भौतिक पूर्वाधार विकास मन्त्री दुलालले ६ हजार किलोमिटर सडकलाई प्रादेशिक सडकमा सूचीकृत गरेर काम अघि बढाइएको बताए । प्रादेशिक सडकलाई प्राथमिकताका आधारमा पक्की बनाउन कालोपत्रे गर्दै लैजाने योजनामा प्रदेश सरकारले तयार गरेको उनले बताए । कटुन्जेदेखि खार्पाचोक लेखपानी-सुँगुरे-बुढाखानी-फोक्सिङटार-गोकुले-तालढुंगा हुँदै हेटौंडा जाने प्रादेशिक सडक प्रदेशको एकलश्रोतमा ठेक्का लागेको प्रदेशकै ठूलो योजना रहेको उनको भनाइ छ ।

भौगोलिक विकट र धेरै जनसंख्याका आधारमा काभ्रेमा प्रदेश सरकारले प्राथमिकताका साथ बजेट विनियोजन गरेको उनले बताए । खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्री लामाले १०-१२ वर्षअघि चन्दा उठाएर सुरु गरिएको सडक निर्माण गर्ने सपना साकार भएको बताए ।

# सरकारलाई असफल बनाउन घेराबन्दी भयो: वर्षमान पुन




साझाकुरा संवाददाता


हेटौंडा, २ पुस/नेकपा (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुनले सरकारले सुशासनको सन्दर्भमा गरेको राम्रो कामलाइ असफल बनाउन घेराबन्दी भइरहेको बताएका छन् ।

प्रेस सेन्टर नेपाल मकवानपुरले हेटौंडामा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै पुनले छोटो समयमै प्रचण्ड नेतृत्व सरकारले सुशासनको सन्दर्भमा गरेको राम्रो कामलाइ सबै दलले सहयोग गर्नुपर्ने संस्कारको विकास जरुरी रहेको बताए । सरकारले सोचेजस्तो खर्च गर्न नसकेको कुरा सही रहेको बताउँदै पुनले खर्च गर्ने प्रणालीको पुनर्निर्माण गर्नुपर्ने धारणा व्यक्त गरे । देश आर्थिक मन्दीमा गएको, श्रीलंका भएको भन्ने हल्ला गलत रहेको उनको भनाइ छ ।

उपमहासचिव पुनले २०६४ सालमा संविधान बनाउन नसकेर संसद विगठन गर्नु नै पार्टी ओरालो लाग्नुको प्रमुख कारण भएको बताए । त्यसएता माओवादीमा आएको टुटफुट पनि ठूलो समस्या भएको भन्दै पुनले अब माओवादी कमब्याकको चरणमा रहेको बताए । उनले भने 'हामीले संविधान बनाउन सकेनौं, सेटब्याक भो, त्यसपछि टुटफुट भो, एक पटक झरेपछि कमब्याक गर्न समय लाग्छ तर, हामी उठ्छौं । माओवादी झर्नु जति झरिसक्यो ।'

एमाले पनि २०५१ मा फुटेपछि पहिलो पार्टी बन्न १९ वर्ष लागेको बताउँदै पुनले माओवादी पनि त्यही लाइनमा रहेको बताए । माओवादी नेतृत्वमा रहेको सरकारको काम कामकारबाही सन्तोषजनक नआएको रिपोर्ट कार्डहरु बाहिर आएको सन्दर्भमा उनले अब सरकारले स्पिड लिने विश्वास व्यक्त गरे । पहिलो चौमासिकमा सरकारको काम सुस्त देखिनु स्वभाविक रहेको बताउँदै उनले आगामी चौमासिकमा सरकारको स्पिड बढ्ने उनको भनाइ थियो ।

# मनहरीको खानेपानी योजनामा ६० लाख सकियो, ट्यांकी रित्तै



साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/६० लाख रुपैयाँ खर्चिए पनि मनहरी गाउँपालिका-८ देवकोटस्थित खानेपानी आयोजना अझै अलपत्र छ । ६० लाख सकिँदा पनि ट्यांकीमा पानी भने आएन ।

स्थानीय सरकारको पहिलो कार्यकाल अर्थात २०७४ बाट सुरु भएको योजनामा हालसम्म मनहरी गाउँपालिकाले ६० लाख रुपैयाँ खर्च गरिसकेको छ । तर, मुहानबाट ट्यांकीसम्म पानी आएको छैन । मनहरी गाउँपालिका-८ का वडाध्यक्ष नारायण उप्रेतीका अनुसार देवकोट बस्तीको चुलीमा रहेको टंयाकी र स्थानीय खोल्सामा बनाइएको मुहानको दुरी झण्डै १ किलोमिटर छ । १ किलोमिटर तलबाट उकालोतर्फ मोटरले पानी फाल्नुपर्छ । अनि मात्रै ट्यांकीमा पानी जम्मा हुन्छ र त्यही पानी ९० घर परिवारलाई बितरण गर्नुपर्छ ।

पहिलो लटमा ३५ लाख रुपैयाँ र दोस्रो लटमा थप २५ लाख रुपैयाँ लगानी हुँदा पनि ट्यांकीमा पानी खसेन । स्थानीय उपभोक्ता समितिमार्फत दुईपटक गरी योजना कार्यान्वयन हुँदा समेत ट्याङकीमा पानी नपुगेपछि आयोजना बेवारिसे जस्तै भएको छ । खानेपानी योजना कार्यान्वयनको क्रममा स्थानीयको जनसहभगिता नभएको र बजेट कार्यान्वयनका सम्बन्धमा समेत स्थानीयबासिन्दा अनभिज्ञ रहेको देवकोटका स्थानीय एबम् वडासदस्य पन्चलाल थिङले बताए ।

उपभोक्ता समितिको नाममा काम भएपनि समितिका पदाधिकारीलाई नै योजना कार्यान्वयनका सम्बन्धमा जानकारी नभएको उनको भनाई छ । दुईपटक गरी ६० लाख खर्च हुँदा समेत योजना सम्पन्न नभएपछि वडा कार्यालयको तर्फबाट योजना सम्पन्न गर्न पहल गरिएको वडाध्यक्ष उप्रेतीले बताए । उनले काठमाडौंबाट मेलम्ची खानेपानी योजनाको समेत काम हेरि रहेका प्राविधिकसँग समन्वय गरी खानेपानी विभाग पुगेर मोटर तथा पाइपहरु ल्याएर योजनालाई पुन जीवन दिन लागिएको बताए ।

'योजना बेवारिसे रहेछ, खानेपानी समस्या पनि उस्तै छ', उनले भने-'खानेपानी विभागबाट १० लाख बढीको सामानहरु मगाएर योजना सम्पन्न गर्न लागिपरेका छौं ।' कमजोर विद्युतका कारण पनि मोटर राम्ररी चल्न नसकेकाले नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी मोटर चल्ने गरी मुहान नजिकै ट्रान्सफर्मर सारेर भएपनि मोटर चल्ने बनाउन लागिएको उनले बताए । यसवर्ष वडा कार्यालयले खानेपानीका लागि ५ लाख रुपैयाँ बिनियोजन गरेको र कम पनि सोही योजनामा थप गरेर भएपनि योजना सफल बनाउन खोजिएको उनको भनाई छ ।

# बजारमा शिवम्‌को जनचेतनामूलक सन्देश




साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/ हेटौंडास्थित शिवम् सिमेन्ट उद्योगले गुणस्तरीय, सुरक्षित र टिकाउ घर निर्माणका लागि जनचेतनामूलक सन्देश प्रवाह गरेको छ ।

हालै मात्र जानकारी मूलक भिडियो सन्देश 'शिवम् सन्देश' सार्वजनिक गरेको उद्योगले सोमबारबाट हेटौंडाका चोकचोकमा स्ट्याण्ड बोर्ड राखेर 'शिवम् सन्देश' बारे जानकारी तथा प्रचारप्रसार गरेको हो । प्रचार भइरहेको स्थलमै शिवम सन्देशबारे बुझ्न चाहानेको लागि तत्कालै जानकारी प्रदान गरिएको उद्योगले जनाएको छ । हेटौंडासहित देशका विभिन्न सहरमा शिवम्‌ले 'शिवम् सन्देश'को प्रचार गर्न लागेको कम्पनीले जानकारी दिएको छ । शिवम् सिमेन्टले आफ्नो प्रचारप्रसारमा विभिन्न समयमा नयाँ-नयाँ उपाय अपनाउँदै आइरहेको छ ।

यसमा घर निर्माणपूर्व निर्माणका योजना बनाउँदा, घर बनाउँदा र घर बनाइसकेपछि ध्यान दिनुपर्ने विभिन्न महत्वपूर्ण जानकारीहरु समावेश गरिएको छ । घर बनाउने जग्गाको छनोट गर्ने बारेका सुझावदेखि गुणस्तरीय निर्माण सामग्रीको छनोट र भण्डारण कसरी गर्ने, विभिन्न मौसममा घर बनाउँदा के-कस्ता कुरामा विचार पुऱ्याउने लगायतका उपयोगी जानकारी समेटिएको शिवम् सन्देशले 'भरोसा अटुट सम्बन्धको' भन्ने शिवम् सिमेन्टको नारालाई अझै उचाइमा पुऱ्याएको कम्पनीको दाबी छ ।

भूकम्प र बाढी-पहिरो जस्ता प्राकृतिक प्रकोप प्रतिरोधी घर निर्माण कसरी गर्ने, इन्जिनियर र आर्किटेक्ट जस्ता प्राविधिकको महत्व कति हुन्छ ?, घर बनाउँदा बजेटको व्यवस्थापन र वितरण कसरी गर्ने ? जस्ता प्रश्नको सरल जनबोलीमा दिइएका सल्लाह र सुझावहरु 'शिवम् सन्देश'मा समेटेको छ । साधारण लाग्ने तर, घर निर्माणको योजना बनाउन र घर निर्माणका क्रममा निकै उपयोगी हुनसक्ने महत्वपूर्ण जानकारी, सल्लाह र सुझाव पनि यसमा समेटिएको छ । सन् २००३ मा हेटौंडामा स्थापित शिवम् सिमेन्ट उद्योगले स्थानीय चुनढुंगाको प्रयोग गरी उच्चगुणस्तरीय शिवम् सिमेन्टको उत्पादन गर्दै आएको छ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना